"पाँचखाल नगर-कृषि सहर"
पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८१।०८२
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति : २०८२/०३/३२
ने.सं. ११४५ दिल्लागा ६, बुधबार

**विषय : राजश्व संकलन कार्य बन्द गरिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको प.सं. २०८१/०८२, च.नं. १५२, मिति २०८२/०३/२७ गतेको पत्राबाट लेखि आए अनुसार स्थानीय तहको सभाबाट आ.व. २०८२/८३ का लागि स्वीकृत आर्थिक ऐन SuTRA Revenue Model मा १५ दिन भित्र अनिवार्य रुपमा प्रविष्टि गरी SuTRA Revenue Model बाट कर संकलन गर्ने सम्बन्धी पत्र प्राप्त भए बमोजिम मिति २०८२/०४/०१ देखि २०८२/०४/१० गते सम्म SuTRA Revenue Model मा आर्थिक ऐन २०८२ को विविरणहरु प्रविष्टिको कार्य गर्नु पर्ने भएको हुँदा उक्त समयावधिसम्म पाँचखाल नगरपालिका तथा अन्तरगतका सबै वडा कार्यालयहरुबाट राजश्व संकलन कार्य बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट नगरबासी तथा करदाताहरुमा पर्नजाने असुविधाप्रति नगरपालिका क्षमा प्रार्थी छ ।

................ ८२/३/३२

(पुरुषोत्तम सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

7/11/25, 2:24 PM 152.jpg

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office
(अन्तर [illegible] वित्त समन्वय शाखा)

पत्र संख्याः २०८१/८२
चलानी नं : 952

मितिः २०८२/०३/२७

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

**विषय :- SuTRA मा आर्थिक ऐन प्रविष्टि सम्बन्धमा ।**

श्री स्थानीय तह (सबै),

महालेखा नियन्त्रक कार्यालयबाट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २७ मा राजश्व संकलन र लेखा सम्बन्धी व्यवस्था तथा दफा ६२ मा सूचना प्रविधि मैत्री सार्वजनिक वित्तीय प्रणालीहरुको संचालन सम्बन्धी व्यवस्था भए अनुरुप SuTRA प्रणालीमा सहजीकरण गरिरहेको व्यहोरा अवगत नै छ ।

तहाँ स्थानीय तहको सभाले आ.व. २०८२/८३ का लागि कर संकलन गर्ने प्रयोजनको लागि पारित गरेको आथिक ऐन SuTRA Revenue Module संचालन गर्ने प्रयोजनको लागि स्वीकृति भएको मितिले १५ दिन भित्र अनिवार्य रुपमा प्रविष्टि गरि SuTRA Revenue Module वाट कर संकलन गर्ने कार्य गर्नुहुन अनुरोध छ। SuTRA प्रणालीमा रहेको Partial Revenue Module केही समय पछि बन्द हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

बोधार्थः
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,(सबै) -आवश्यक सहजिकरण गर्नुहुन अनुरोध छ ।

(यज्ञ प्रसाद ढकाल)
उप-महालेखा नियन्त्रक

श्री राजस्व / लेखा
3-26

...नगरकार्यपालिकाको कार्यालय
मितिः 2082/3/26
6263
हस्ताक्षरः

अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०

https://mail.google.com/mail/u/0/?tab=rm&ogbl#inbox/FMfcgzQbgJJmnNQsqSGhBJKxxchQXTdG?projector=1&messagePartId=0.1 1/1